बागमती प्रदेश

बलेफी गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय,

बलेफी, सिन्धुपाल्चोक

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम

बलेफी गाउँपालिकाको कार्यपालिकाबाट मिति २०८०/०९/०४ गते स्वीकृत

गरेको नियम सर्वसाधारणको लागी प्रकाशन गरिएको छ ।

बलेफी गाउँपालिकाको

# कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

बलेफी गाउँपालिका

बलेफी,सिन्धुपाल्चोक

गंगा बहादुर तामाङ
अध्यक्ष

# बलेफी गाउँपालिकाको कृषि तथा पशु विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना :**

संविधानतः कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, कृषि सडक, साना सिँचाइ लगायत कृषि प्रसार कार्यक्रमको सञ्चालन, व्यवस्थापन र सो को नियमन गर्ने जिम्मेवारी एकल अधिकारको रुपमा स्थानीय सरकारमा निहित रहेको छ । यसैलाई आधार मानी संघीय व्यवस्थापिका संसदले स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेत पारित गरिसकेको छ । सो ऐनले स्थानीय तहको कामकर्तव्य र अधिकारलाई विस्तृत रुपमा परिभाषित गरेको छ । उक्त परिप्रेक्षमा यस गाउँपालिकाले संविधान र ऐनले प्रावधान गरेका अधिकारको उपयोग गरि कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि, व्यवसायिकरण र कृषि उद्यमशीलताको विकास गरी स्थानीय स्तरमा नै रोजगारीका अवसरहरूको सृजना गर्दै कृषकहरूको आयस्तर वृद्धि गर्ने उद्देश्य लिएको छ । यस उद्देश्यलाई हासिल गर्न यंस गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राथमिकताका आधारमा कृषकहरूको माग र आवश्यकता अनुसारका उपयुक्त कृषि प्रविधि तथा सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउनु अनिवार्य भएकोले सो का लागि कृषि विकास कार्यक्रमको तर्जुमा र सो को प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्न ऐनको दफा १०२ को उपदफा २ को अधीनमा रहि यो "कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" तयार गरि जारी गरिएको छ ।

## परिच्छेद-१

## नाम, परिभाषा र उद्देश्य

### १. नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "**कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०**" रहेको छ ।

ख. यो कार्यविधि बलेफी गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ख. "**उपाध्यक्ष**" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग. "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ ।

घ. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ. "**कानुन**" भन्नाले संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुन सम्झनु पर्दछ ।

च. "**कार्यपालिका**" भन्नाले गाउँकार्यपालिका सम्झनु पर्दछ ।

छ. "**कार्यविधि**" भन्नाले गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० लाई सम्झनु पर्छ

गंगा बहादुर तामाङ
अध्यक्ष

ज. "**कृषि**" भन्नाले जीवनधान्न र विकास वृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिबुटी र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने बिरुवा, पशुपन्छी (माछा समेत) र ढुसी (च्याउ जात) को खेती वा पालन र प्रजनन सम्बन्धी कार्य भन्ने बुझाउँछ ।

झ. "**कृषक**" भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न व्यक्ति, खाना वा कच्चा पदार्थ उत्पादनको लागि जीवित (बांली वा पशुपन्छी मत्स्य आदि) वस्तुको उत्पादनमा संलग्न व्यक्ति भन्ने बुझाउँछ ।

ञ. "**गाउँपालिका**" भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनुपर्छ । यसले गाउँकार्यपालिकालाई समेत जनाउने छ ।

ट. "**गाउँसभा**" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

ठ. "**पदाधिकारी**" भन्नाले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

ड. "**प्रदेश**" भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको बाग्मती प्रदेश सम्झनु पर्छ ।

ढ. "**विषयगत शाखा**" भन्नाले गाउँपालिकामा कृषि क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सेवा केन्द्रलाई जनाउँछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि बलेफी गाउँपालिकामा स्थापना भएका शाखालाई समेत जनाउँछ ।

ण. "**मन्त्रालय**" भन्नाले कृषि विषय हेर्ने नेपाल सरकारको संघीय मन्त्रालय तथा प्रदेश सरकारको प्रादेशिक मन्त्रालय सम्झनु पर्दछ ।

त. "**योजना**" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

थ. "**वडा**" भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्छ ।

द. "**वडाअध्यक्ष**" भन्नाले गाउँपालिका वडाका अध्यक्षलाई सम्झनु पर्दछ ।

ध. "**वडासमिति**" भन्नाले संविधानको धारा २२२ को उपधारा ४ बमोजिमको गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

न. "**सदस्य**" भन्नाले गाउँसभा वा गाउँकार्यपालिकाको सदस्य सम्झनु पर्छ र यो शब्दले गाउँसभा वा गाउँकार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

प. कृषि विकास समितिको सम्बन्धमा गाउँपालिकामा कृषि कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न गठन भएको कृषि विकास समिति तथा उपसमितिका संयोजक, उपसंयोजक तथा सदस्य समेतलाई जनाउँछ ।

फ. "**समिति**" भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार गाउँपालिका गठन भएको कृषि तथा पशु विकास समिति तथा उपसमितिलाई जनाउँछ ।

ब. "**संविधान**" भन्नाले नेपालको संविधानलाई बुझाउँछ ।

भ. "**संघ**" भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्छ ।

म. "**स्थानीय तह**" भन्नाले गाउँपालिकालाई जनाउँदछ ।

## ३. कार्यविधिको उद्देश्य

यस कार्यविधिको मूल उद्देश्य यस बलेफी गाउँपालिकाको आफ्नो कार्य क्षेत्र भित्र अवलम्बन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा, सो को प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने र कृषक परिवारलाई कृषि सेवा प्रवाह गर्ने रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहाय अनुसारका रहेका छन् ।

क. कृषि प्रसार सेवालाई बहुपक्षीय एवं प्रभावकारी रुपमा सञ्चालनका लागि यस गाउँपालिका तथा वडा तहमा आवश्यक संस्थागत संरचना बनाउन र सो को प्रभावकारी परिचालनमा सहयोग गर्ने ।

ख. यस बलेफी गाउँपालिकाको आवधिक तथा वार्षिक कृषि विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

ग. कार्यक्रम तर्जुमा तथा सञ्चालनमा राजनैतिक तथा प्रशासनिक जवाफदेहिताको सुनिश्चितता गर्न सहयोग गर्ने ।

घ. कृषि तथा पशुपन्छी विकासका कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति निर्माण तथा मापदण्ड निर्धारण गर्न सहयोग पुऱ्याउने ।

# परिच्छेद-२

## कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन समिति सम्बन्धी व्यवस्था

**४. कृषि तथा पशु विकास कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको समिति रहनेछ :**

क. गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग. गाउँपालिकाले तोकेको एक जना वडा अध्यक्ष - सदस्य

ग. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

घ. पशु सेवा शाखा प्रमुख – सदस्य

ङ. कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

१.समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

२. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरू मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उपसमितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

**५. कृषि तथा पशु विकास समितिको काम,कर्तव्य र अधिकार :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित प्रावधानहरूको परिधि भित्र रही यस गाउँपालिकाको कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. कृषि तथा पशु विकास सम्बन्धी स्थानीय नीति, कानुन, कार्यविधि, मापदण्ड तर्जुमा गराउन सहजीकरण गरि आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट पास गराउन ऐन बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्न र सो को कार्यान्वयनमा सहजीकरण गर्ने ।

ख. गाउँपालिकाको कृषि विकासको प्राथमिकताहरू निर्धारण गर्न कार्यपालिकालाई सहजीकरण गर्ने

ग. गाउँपालिकाको रणनैतिक, आवधिक तथा वार्षिक कृषि योजना तर्जुमा गर्न र सो को गाउँसभाबाट अनुमोदन गराउन सहजीकरण गर्ने । योजना तर्जुमा गर्दा सम्बन्धित सबै सरोकारबालाहरूको सहभागिता गराउनका लागि सहजीकरण गर्ने

घ. महिला तथा विपन्न वर्ग, व्यवसायिक कृषक लक्षित गरि कृषि विकास कार्यक्रम तर्जुमा तथा सो को कार्यान्वयनमा सहयोग गर्ने

ङ. पालिकामा कृषि सम्बन्धी सूचना, तथ्याङ्क राख्न, तिनको विश्लेषण र रणनैतिक प्रकृयामा यस्ता सूचना तथा तथ्याङ्कको उपयोग गर्न सहजीकरण गर्ने

च. कृषि तथा पशु सम्बन्धी उत्पादन सामग्री जस्तै मल, बीउ, नश्ल आँदिको मापदण्ड निर्धारण तथा सो को अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने

छ. स्थानीय उत्पादन, प्राङ्गारिक उत्पादन आदिको सिफारिस तथा आवश्यक प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने

ज. पालिकामा मुख्य मुख्य कृषि तथा पशुजन्य उपजको विस्तार एवं विविधिकरण र बजारिकरणका लागि यससँग सम्बन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने

झ. सघं, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यान्वयन र अनुगमनमा संयोजनकारी भूमिका निर्वाह गर्ने

ञ. सघं तथा प्रदेशको रणनैतिक प्राथमिकता प्राप्त कार्यक्रमलाई स्थानीय तहको लक्ष्य तथा उपलब्धीसँग जोड्न सहजीकरण गर्ने

ट. कृषि उत्पादन, उत्पादकत्व वृद्धि तथा उत्पादित वस्तुहरूको प्रशोधन र बजारिकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्न गाउँकार्यपालिकालाई सहयोग एवं सहजीकरण गर्ने ।

# परिच्छेद-३

## कृषि विकास कार्यक्रमहरूको विवरण

**६. कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रमहरू गर्न सकिनेछ**

| क्र.स. | कार्यक्रम | मापदण्डहरू | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्रोत बीउ उत्पादन कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ । बीउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । बीउ उत्पादनको बाली लगाउँदा प्राविधिक दृष्टिकोणले बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने । खाद्यान्न दलहन तेलहन बालीको हकमा १ हे. क्षेत्रफलमा बीउ उत्पादन हुनुपर्ने । टि पि एस बीउ आलुको हकमा न्यूनतम ०.५ रोपनी र पि बि एस आलुको हकमा न्यूनतम ५०० दानामा बीउ उत्पादन कार्य हुनु पर्दछ । उत्पादित बीउ खायन प्रयोगमा ल्याउन पाइने छैन । | बीउ उत्पादनमा प्रयोग हुने मूल बीउ खरिद/ढुवानी तथा बिउ उत्पादनमा प्रयोग हुने उपकरणमा अनुदान | बीउ उत्पादनको लागि ल्याइने मूल बीउको परल मूल्यमा ५० प्रतिशत तथा ढुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ । | |
| २. | उन्नत बीउ वितरण कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।१ रोपनी भन्दा धेरै क्षेत्रका लागि बीउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । बीउ उत्पादनको बाली लगाउँदा प्राविधिक दृष्टिकोणले बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने ।सूचना भए पश्चात् आवश्यक बीउ कृषि शाखामा माग गर्नु पर्नेछ । | बाली उत्पादनमा प्रयोग गरिने उन्नत बीउ खरिद/ ढुवानी तथा उपकरणमा अनुदान | बीउ उत्पादनको लागि ल्याइने उन्नत बिउमा परल मूल्यमा १०० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्राप्त गर्न सकिनेछ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | पुष्प विकास कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनु पर्नेछ । खेती गरिने पुष्पको प्रजाति र जात बजारको माग बमोजिम हुने, जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता हुनुपर्ने, बाँझो खेतीयोग्य जग्गालाई प्राथमिकता दिइने । व्यवसायिक पुष्प उत्पादनको लागि कम्तिमा ५ रोपनी क्षेत्रफलमा उत्पादन हुनुपर्ने तर पुष्प तथा बिरुवाको नर्सरी उत्पादनको हकमा कम्तिमा २.५ रोपनी क्षेत्रफलमा हुनुपर्ने । | प्लाष्टिक घर तथा पोखरी, थोपा सिँचाइ प्रणाली लगायत सिँचाइ पूर्वाधार निर्माण, बीउ बिजन बेर्ना तथा कृषि औजार उपकरण खरिद । | उल्लेखित क्रियाकलापहरू सञ्चालन गर्नको लागि ५० प्रतिशत अनुदानमा रकम उपलब्ध हुनसक्नेछ । | |
| ४. | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनु पर्नेछ । जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता हुनुपर्ने, बाँझो खेतीयोग्य जग्गालाई प्राथमिकता दिइने ।प्राङ्गारिक उत्पादनको लागि कम्तिमा १ हे. क्षेत्रफलमा उत्पादन हुनुपर्नेछ । | नर्सरी स्थापना, जैविक तथा वनस्पतिक मल तथा विषादी उत्पादन गर्न, सिँचाइ व्यवस्था गर्न, जैविक तथा वनस्पतिक विषादी खरिद तथा प्रयोग, भर्मिकम्पोष्ट तथा कम्पोष्ट मल उत्पादन गर्न, भकारो सुधार गर्न । | उल्लेखित क्रियाकलापहरू सञ्चालन गर्नको लागि ७५ प्रतिशत अनुदान | |
| ५. | स्थानीय तथा रैथाने बाली संरक्षण कार्यक्रम | बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा कम्तिमा १ हे. क्षेत्रफल खेती गर्नु पर्नेछ । | बीउमा अनुदान तथा बजारिकरण सामग्री/उपकरण (डिजिटल तराजु, बोरा सिउने मेसिन, आदि) रैथाने बालीको प्रशोधनमा सहयोग पुऱ्याउने साधारण कुटानी/ पिसानी मेसिन आदि | कार्यक्रमको लागि कुल लागतका ७५ प्रतिशत रकम उपलब्ध गराइनेछ । | |

गंगा बहादुर तामाङ
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | घर बगैँचा व्यवस्थापन कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ, ५० प्रतिशत महिला, आदिवासी जनजाति, दलित, विपन्न वर्ग सहभागी भएको कृषक समुहमा सहँभागी गरिनेछ । | जैविक विविधता प्याकेट/ प्याकेट बीउ बिजन, च्याउ, तरकारी, फलफूलका बोट बिरुवा तथा अन्य उत्पादन सामग्री खरिद गरी वितरण गरिनेछ । | कार्यक्रम सञ्चालनको लागि लागत इस्टमेट अनुसार सत प्रतिशत अनुदानमा संचालन गर्न सकिनेछ । | |
| ७. | फलफूल तथा तरकारी प्रवर्द्धन कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ<br>**(क)सम्भाव्य पकेट क्षेत्रलाई प्राथमिकता**<br>कार्यक्रम सञ्चालन गर्दा विभिन्न मापदण्डहरूलाई आधार मानी स्थानीय तहबाट छनौट गरिएका पकेट क्षेत्रहरूलाई प्राथमिकता दिई व्यवसायिक फलफूल तथा तरकारी प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यसले साना किसान तथा अन्य सम्भाव्य क्षेत्रहरूमा पोषण सुरक्षा वा व्यावसायिक दृष्टिले गर्न खोजिने फलफूल तथा तरकारी खेतीलाई बाधा पुर्याउने भने छैन ।<br>**(ख) व्यावसायिक महत्व बोकेका बालीलाई प्राथमिकता**<br>कार्यक्रम सञ्चालन गर्ने प्रत्येक वडा कार्यालयले आफ्नो वडाको प्राथमिक ३ फलफूल बालीहरू, ३ तरकारी बालीहरू छनौट गर्नुपर्नेछ । यस कार्यक्रममा व्यावसायिक महत्व बोकेका ती प्राथमिक ३ बालीलाई विशेष महत्व दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्राथमिक फलफूल तथा तरकारी बाली छनौट गर्दा कृषि विकास शाखाको समन्वयमा वडा कार्यालयले निर्णय गर्नेछ ।यसले पोषण सुरक्षाका लागि अन्य फलफूल बालीहरू प्रवर्द्धन गर्न भने बाधा पुर्याउने छैन । | फलफूल तथा तरकारीको बिरुवा, बिउ खरिद/ ढुवानीमा अनुदान | फलफूल तथा तरकारीको बिरुवा, बिउको परल मूल्यमा १०० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | कौसी खेती विकास कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ । ।सूचना भए पश्चात् आवश्यक परिमाण कृषि शाखामा माग गर्नु पर्नेछ | कौसी खेतीका लागी आवश्यक बीउ बिजन र उत्पादनका सामग्री खरिद, तालिम | निशुल्क उपलब्ध गराउन सकिनेछ । | |
| ९. | बेमौसमी तरकारी खेती तथा नवीनतम कृषि प्रविधि विकास कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनु पर्नेछ। प्लाष्टिक टनेल थोपा सिँचाइ तथा प्लाष्टिक मल्चिङ सिटको लागी सूचना भए पश्चात् आवश्यक परिमाण कृषि शाखामा माग गर्नु पर्नेछ | प्लाष्टिक टनेल, थोपा सिँचाइ तथा प्लाष्टिक मल्चिङ सिटको खरिद | १०० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल,थोपा सिँचाइ तथा प्लाष्टिक मल्चिङ सिट उपलब्ध गराउन सकिनेछ । | |
| १०. | माटो सुधार तथा दिगो माटो व्यवस्थापन | माटो परिक्षण शिविर सञ्चालन २ दिनको हुनेछ । कम्तिमा १०० वटा नमुना परिक्षण गर्न सकिनेछ । माटो परिक्षण शिविर सञ्चालन गर्नको लागि ५० देखि १०० वटा माटोको नमुना सङ्कलन भएको वा हुने स्थान छनौट गरिनेछ । | माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक रसायन उपकरण र प्राविधिक सेवा उपलब्ध गराउनु पर्ने छ । स्थानीय स्तरमा माटो व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने छ । माटो सुधारका लागि कृषि चुन तथा सूक्ष्म तत्वहरू व्यवस्थापन गर्न सकिनेछ । | माटोको नमुना परिक्षण निशुल्क गरिनेछ ।माटो सुधारका लागि कृषि चुन र सूक्ष्म तत्व १०० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | रासायनिक विषादी न्यूनिकरण तथा जैविक विषादी प्रवर्द्धन कार्यक्रम | रासायनिक विषादी न्यूनिकरण गर्नको लागि २०-२५ जना कृषकहरूलाई बाली अवधिभर व्यवहारिक तथा प्रयोगात्मक सिकाइ हप्तामा एक पटक गरी बाली अवधिभर सञ्चालन गरिनेछ । पाठशाला सञ्चालनको लागि न्यूनतम १ रोपनी क्षेत्रफल हुनुपर्ने छ । समयावधी ३ महिनाको हुनुपर्नेछ। | स्थलगत तालिम, अन्तरक्रिया गोष्ठी ३ पटक, स्थलगत तालिम सञ्चालन हप्ताको १ दिन ।आवश्यक उत्पादन सामग्रीमा अनुदान तथा कृषक पाठशाला दिवस सञ्चालन हुनेछ । | लागत इस्टमेट अनुसार खर्च गर्न सकिनेछ । | |
| | | सार्वजनिक स्थानहरू जस्तै फलफूल तरकारी बजारहरूमा सचेतना मूलक सामग्री प्रयोग मार्फत रसायनिक विषादी न्यूनिकरण गर्न सकिनेछ । | सचेतना मूलक पोस्टर, पम्पलेट, होर्डिङ बोर्ड तथा डिस्प्ले बोर्ड | सचेतना मूलक पोष्टर, पम्पलेट, होर्डिङ बोर्ड तथा डिस्प्ले बोर्डमा कार्यालयले लागत अनुसार खर्च गर्न सकिन्छ । | |
| १२. | साना सिँचाइ तथा मर्मत कार्यक्रम | प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी संस्था वा निजी फर्म, सिँचाइ कार्यक्रमबाट कम्तिमा १ हे. क्षेत्रमा विस्तार हुनु पर्नेछ । | सिँचाइ कुलो मर्मत सम्भार, वर्षातको पानी सङ्कलनमा सिँचाइ प्रणाली, प्लाष्टिक पोखरी लगायत बहुउपयोगी सिँचाइ प्रणाली आदि | सिँचाइ आयोजना निर्माणको लागि खर्च हुने कुल रकममा ८५ प्रतिशत अनुदान रकम दिन सकिनेछ । | |
| १३. | व्यवसायिक कृषि फर्म विकास कार्यक्रम | प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषि फर्महरूले आवेदन दिन सक्नेछन् । आवेदन दिएका मध्ये एक वडा एक कृषि फर्म छनौट गरिनेछ । बाली वस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने ( रेशम, च्याउ, तरकारी खेती, अदुवा/बेसार खेती, कागती, केरा, मेवा, आँप, लिची, ड्रागन फ्रुट आदि फलफूल) । | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरू कृषि वस्तु उत्पादन, सिँचाइ, प्रशोधन तथा बजारिकरण | प्रति स्वीकृत प्रस्ताव ५० प्रतिशत अनुदान उपलब्ध गराउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | आकस्मिक बाली संरक्षण सेवा | बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भइ क्षति प्रमाणित भइसकेको वा सम्बन्धित कार्यालयले छोटो अवधिमा ठूलो क्षति हुन सक्ने सम्भावना प्राविधिकको समन्वयमा निर्क्यौल गरि प्रकोप ठहर गरेमा | आकस्मिक बाली संरक्षण कार्यक्रम वा आवश्यक पर्ने विषादी, स्प्रेयर, डस्टर लगायतका सामग्री खरिद गरि प्रकोप नियन्त्रण गर्न औषधी सुविधा दिन सकिनेछ । | १०० प्रतिशत अनुदान | |
| १५. | कृषि बाली भण्डारण प्रविधि व्यवस्थापन कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनु पर्नेछ।उन्नत बीउ प्रयोगका लागि भण्डारणको व्यवस्था गरि भण्डारण क्षति कम गर्नको लागि सूचना भए पश्चात्  आवश्यक सामग्री कृषि शाखामा माग गर्नु पर्नेछ । | कृषि बाली भण्डारणका लागि आवश्यक पर्ने मेटल बिन, सुपर ग्रीन ब्याग लगायतका सामाग्री खरिद गर्न सकिनेछ । | १०० प्रतिशत अनुदानमा भण्डारण सामाग्री उपलब्ध गराउन सकिनेछ । | |
| १६. | व्यवसायिक कृषक क्षमता अभिवृद्धि तालिम | **पालिका स्तरीय कृषक तालिमः** ३-५ दिनसम्म सञ्चालन गर्न सकिनेछ । तालिममा महिला कृषकहरूलाई प्राथमिकता दिई मिश्रित समुहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ । न्यूनतम २०-३० जना सहभागी हुनपर्ने, सहभागी मध्ये ५० प्रतिशत ( महिला, आदिवासी,दलित) कृषकहरूलाई प्राथमिकतामा सहभागी गराउनुपर्नेछ । सूचना भए पश्चात् कृषक, कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्मले वडा कार्यालयको सिफारिस सहीत कृषि शाखामा आवेदन पेश गर्न सकिनेछ । | कृषकको माग बमोजिमका विषय वस्तु अनुसारको तालिम सञ्चालन तथा प्रशिक्षक भत्ता, कृषकलाई यातायात बापत गाडी भाडा, खाजा खर्च, हल भाडा, स्टेसनरी खर्च अन्य तालिम व्यवस्थापन खर्च | लागत इस्टमेटका अनुसार | |
| | | **स्थलगत घुम्ती तालिमः** १-३ दिनसम्म सञ्चालन गर्न सकिनेछ । स्थलगत तालिम सबै प्रकारका पकेट, समय सापेक्ष प्रविधि र समस्या भएका स्थानहरूका कृषक, कृषक समुहले माग गरे बमोजिम सञ्चालन गर्न सकिनेछ । स्थलगत घुम्ती तालिममा न्यूनतम २०-२५ जना सहभागी हुनुपर्नेछ, सहभागी मध्ये ५० प्रतिशत ( महिला, आदिवासी,दलित) कृषकहरूलाई प्राथमिकतामा | कृषकको माग बमोजिमका विषय वस्तु अनुसारको तालिम सञ्चालन तथा प्रशिक्षक भत्ता, खाजा खर्च, हल भाडा, स्टेशनरी खर्च अन्य तालिम व्यवस्थापन खर्च | लागत इस्टमेटका अनुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सहभागी गराउनुपर्नेछ । सूचना भए पश्चात् कृषक, कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्मले वडा कार्यालयको सिफारिस सहीत कृषि शाखामा आवेदन पेश गर्न सकिनेछ । | | | |
| १७. | बाँझो जग्गा व्यवस्थापन तथा करार खेती साझेदारी सहयोग कार्यक्रम | जग्गा भाडामा लिइ व्यवसायिक खेती गर्न कम्तिमा १ बिघा क्षेत्रफलमा तरकारी, फलफूल, पुष्प खेती तथा बीउ उत्पादन गर्नु पर्ने छ । कृषक, कृषक समुह, सहकारी वा कृषि फर्मले सूचना आह्वान हुनु भन्दा अगाडी ५ वर्षको लागी सम्झौता गरेको हुनुपर्नेछ । | जग्गा भाडा, उत्पादन सामग्री खरिद, सिँचाइ गर्दा लाग्ने विद्युत महशुल | जग्गा भाडामा १०० प्रतिशत, सामग्री खरिदमा १०० प्रतिशत, सिँचाइ गर्दा लाग्ने विद्युत महसुलमा १०० प्रतिशत | |
| १८. | घाँसको बीउ वितरण | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।१ रोपनी भन्दा धेरै क्षेत्रका लागि बीउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । घाँसको बाली लगाउँदा प्राविधिक दृष्टिकोणले बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने ।सूचना भए पश्चात् आवश्यक बीउ कृषि शाखामा माग गर्नु पर्नेछ । | बाली उत्पादनमा प्रयोग गरिने उन्नत बीउ खरिद/ ढुवानी तथा उपकरणमा अनुदान | उत्पादनको लागि ल्याइने घाँसको बिउमा परल मूल्यमा १०० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्राप्त गर्न सकिनेछ | |
| १९. | कृषि आधुनिकीकरणका लागि मेसिनरी उपकरण सहयोग | कृषक समुह वा कृषि सहकारी संस्था र फर्म दर्ता भएको हुनु पर्नेछ ।कृषि औजार उपकरणको लागी सूचना भए पश्चात् आवश्यक कागजात सहीत कृषि शाखामा आवेदन पेश गर्नुपर्नेछ । कम्तिमा १० रोपनी क्षेत्रमा व्यवसायिक खेती गरेको हुनुपर्नेछ । | कृषि औजार उपकरण खरिद तथा वितरण | ५० प्रतिशत अनुदानमा कृषि औजार उपलब्ध गराउन सकिने छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | कृषि तथा पशुपन्छी बिमा अभिमुखीकरण कार्यक्रम | कृषि तथा बाली बिमा सम्बन्धी स्थानीय तहका कृषक, कृषक समुह, सहकारी संस्था तथा सरोकारवालाहरूसँग छलफल, समन्वय तथा तालिम सञ्चालन गर्न सकिनेछ । | बाली बिमा सम्बन्धी सचेतना तथा तालिम सञ्चालनमा प्रशिक्षक भत्ता, कृषकलाई यातायात बापत गाडी भाडा, खाजा खर्च, हल भाडा, स्टेशनरी खर्च अन्य तालिम व्यवस्थापन खर्च | लागत इस्टमेट अनुसार | |
| २१. | मौरी प्रवर्द्धन कार्यक्रम | कृषक, कृषक समुह,कृषि फर्म वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।मौरीको घार राख्दा प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा भौगोलिक अवस्था मिलेको हुनुपर्ने ।सूचना भए पश्चात् आवश्यक परिमाणको मौरी घार तथा उपकरण कृषि शाखामा माग गर्नु पर्नेछ । | • विभिन्न आधुनिक औजारहरू (महदानी, पञ्जा, झोला, टोपी, रानी गेट आदी) घार सहीतको मौरी खरिद | घार सहीतको मौरीको परल मूल्यमा ७५ प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान | |
| २२. | बाली उपचार शिविर सञ्चालन | बाली उपचार सेवा नपुगेका वडाहरूमा कृषि विकास शाखाले रोग तथा किरा नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गर्न सकिनेछ । | विभिन्न रोग तथा किराको विषाधी खरिद, ढुवानी, वितरण तथा बजेटको परिधि भित्र रही अन्य व्यवस्थापन र भ्रमण खर्चमा बजेट उपयोग गरिनेछ । | १०० प्रतिशत अनुदान | |
| २३. | बाली कटानी कार्यक्रम | यस गाउँपालिकाको क्षेत्रमा लगाइएका बालीको उत्पादन तथा उत्पादकत्व निर्धारण गर्नको लागी यस कार्यक्रम संचालन गर्न सकिनेछ । | बाली कटानी गर्दा लाग्ने ज्यामीको खर्च, व्यवस्थापन खर्च तथा अन्य विविध खर्चमा उपयोग गर्न सकिनेछ । | प्रति ज्यामी रु.५०० बाली काटेबापत प्रदान गरिनेछ । अन्य खर्च लागत इस्टमेट अनुसार हुनेछ । | |

गंगा बहादुर तामाङ
अध्यक्ष

# परिच्छेद-४

## पशु विकास कार्यक्रमहरूको विवरण

**६. कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रमहरू गर्न सकिनेछ**

| क्र.स. | कार्यक्रम | मापदण्डहरू | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी प्रवर्द्धन कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था वा निजी फर्म हुनु पर्नेछ । दुग्ध उत्पादक सहकारीमा दूध बिक्री गर्ने कृषकलाई विशेष प्राथमिकता दिइनेछ । | उन्नत नश्लका पशु जस्तै गाई, भैँसी, बङ्गुर, बाख्रा आदि खरिद गर्न सकिनेछ । | बिमा रकमको ५० प्रतिशत वा भैँसी खरिद बापत बढीमा रु. ५०,०००/-, गाई खरिद बापत बढीमा रु. ३०,०००/- मध्ये जुन कम हुन आउँछ सोही मूल्य अनुदान प्रदान गर्न सकिनेछ । बाख्रा र बङ्गुरको हकमा जिल्ला दररेटलाई आधार मानी भुक्तानी गरिनेछ । | |
| २. | भकारो सुधार कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था वा निजी फर्म हुनु पर्नेछ । कम्तिमा २ वटा गाई वा २ वटा भैँसी वा १० वटा बाख्रा वा २५० कुखुरा पालेको हुनुपर्नेछ । | खोर निर्माण तथा मर्मत सम्बन्धी सम्पूर्ण क्रियाकलाप गर्न सकिनेछ । | प्राविधिक इस्टमेट अनुसार योजना सम्झौता गरि काम सम्पन्न भएपश्चात् कुल लागतको ५० प्रतिशत भुक्तानी गरिनेछ । | |
| ३. | आकस्मिक रोग नियन्त्रण कार्यक्रम | कुनै पनि वडामा आकस्मिक रुपमा महामारी रोग फैलिएमा वडा कार्यालयबाट नियन्त्रण गरि पाउँ भन्ने निवेदनका आधारमा कार्यक्रम सञ्चालन गरिनेछ । | खोप, औषधी खरिद गरि सम्बन्धित वडा गई उपचार गरिनेछ । बजेट सुनिश्चितता नभएमा विपद् व्यवस्थापन कोषबाट खर्च गरिनेछ । | आकस्मिक रोगको उपचार निशुल्क हुनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | पशु स्वास्थ्य शिविर सञ्चालन | पशु स्वास्थ्य सेवा नपुगेका वडाहरूमा पशु सेवा शाखाले परजीवी नियन्त्रण वा अन्य पशु रोगसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सकिनेछ । शिविर एउटा वडामा १ दिनमात्र सञ्चालन हुनेछ । | विभिन्न रोगको औषधी खरिद, ढुवानी, वितरण तथा बजेटको परिधि भित्र रही अन्य व्यवस्थापन र भ्रमण खर्चमा बजेट उपयोग गरिनेछ । | १०० प्रतिशत अनुदान | |

गंगा बहादुर तामाङ
अध्यक्ष

# परिच्छेद-५

## कार्यक्रम सञ्चालन प्रक्रिया

**७. आवेदन तथा प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसुची-१ को ढाँचा १५ दिनको सूचना प्रकाशन गरी कृषक/ नीजी फर्म/ समुह/ सहकारी/ कम्पनीहरूसँग प्रस्ताव माग गर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम. बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

**८. आवेदन पेशः** सूचनामा तोकिए बमोजिमको कागजात सहीत दफा ६मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनुसूची-२ को निवेदनको ढाँचा सहीत कृषि विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

**९. प्रारम्भिक छनौट तथा सिफारिसः** दफा ८ बमोजिम प्राप्त आवेदन उपर आवश्यक परेको खण्डमा दफा १२ बमोजिमको अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन प्राप्त गरी दफा ४ बमोजिमको समितिको बैठक बसी प्रस्ताव छनौट गरिनेछ । वडा कार्यालयबाट स्वीकृत बजेटको हकमा सम्बन्धित वडाको वडा समितिले प्रारम्भिक छनौट गरेको निर्णय संलग्न गर्नुपर्नेछ ।

**१० सम्झौता प्रक्रियाः**

१. छनौट भएका अनुदानग्राही र कार्यालय बिच स्वीकृत कार्ययोजना बमोजिम शर्तहरूमा सम्झौता गरिनेछ

२. कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरू तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ ।

# परिच्छेद-६

## रकम भुक्तानी प्रक्रिया

**११. भुक्तानी प्रक्रियाः**

१. कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराइने छैन । कार्य प्रगति/कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

२. कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तानी गर्नेछ ।

क. सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात् खर्च भएको बिल भरपाईको सक्कल कागजात सहीत समयावधि भित्र पेश गर्नुपर्नेछ ।

ख. सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ ।

ग. सम्बन्धित अनुदानग्राहीले सञ्चालन गरेका व्यवसायको उत्पादन बजारिकरण तथा आम्दानी सहीतको प्रगति प्रतिवेदन पेश गर्न पर्नेछ ।

घ. सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ ।

ङ. सार्वजनिक सुनुवाइ गरेको माइन्युटको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

च. कुल लागतमा २ लाख वा सो भन्दा बढीको अनुदान कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरि सूचना पाटी राखेको हुनुपर्नेछ ।

३. कार्यक्रम रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पूँजीगत निर्माण कार्यको हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचलित कानुन बमोजिम खर्च गर्न सकिनेछ ।

## परिच्छेद-७

## कार्यक्रम सुपरीवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

**१२. सुपरीवेक्षण तथा अनुगमनः** कृषि तथा पशु विकास कार्यक्रम अनुगमनका लागि देहाय बमोजिमको समिति रहनेछ :

क. गाउँपालिका उपाध्यक्ष – अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

ग. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

घ. पशु सेवा शाखा प्रमुख – सदस्य

ङ. कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

कार्यक्रम सम्पन्न भई सम्बन्धित कृषकले फाइल पेश गरेको १५ दिनभित्र अनुगमन गरि अनुगमन समितिले प्रतिवेदन पेश गर्नुपर्नेछ । कुल बजेटको बढीमा ५ प्रतिशत रकम अनुगमन, भ्रमण, बैठक भत्ता तथा तालिममा खर्च गर्न सकिनेछ ।

**१३. प्रतिवेदनः** सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित अनुदानग्राहीले कृषि विकास शाखा समक्ष पेश गर्नुपर्नेछ ।

# परिच्छेद-८

## विविध

**१४. कारबाहीको व्यवस्थाः** सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

**१५. बाधा अड्चन निरुपण र संशोधनः**

१. यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सो को निरुपण बलेफी गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।

२. यो कार्यविधिको आवश्यक संशोधन गर्न परेमा बलेफी गाउँपालिकाको कार्यपालिका बैठकबाट संशोधन गर्न सकिनेछ ।

## अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

## सूचनाको ढाँचा

प्रथम पटक सूचनाको प्रकाशन मिति

कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० अनुसारको बलेफी गाउँपालिकाको कृषि विकास शाखाको आ.व...............................को.........................................................कार्यक्रम अन्तर्गत........................................................................ कार्यक्रममा सहभागी हुन इच्छुक बलेफी गाउँपालिकाका उद्यमी/ कृषक/ समुह/ सहकारी/ निजी फर्म/ कम्पनीहरूले अधिकतम अनुदान सिमा ....................... ननाघ्ने गरी यो सूचना प्रकाशन भएका मितिले ............ दिनभित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावका साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने मापदण्ड यस कार्यालयको सूचना पाटी/वेभसाइट **www.balephimun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

प्रस्तावको साथमा संलग्न गर्नुपर्ने कागजातहरू

१. प्रस्तावको सक्कल निवेदन
२. समुह/सहकारी/निजी फर्म/कम्पनीहरूको नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहीतको प्रस्ताव
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता प्रमाणपत्र
११. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत २ वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा गर्नुपर्ने

निवेदक

दस्तखतः......................................

नामः.............................................

ठेगानाः...........................................

सम्पर्क नं.........................................

## अनुसूची-२

दफा ८ सँग सम्बन्धित

**<u>निवेदनको ढाँचा</u>**

मितिः

श्रीमान् प्रमुख ज्यू

........................ बलेफी गाउँपालिका कृषि तथा पशु विकास

शाखा सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल ।

**विषयः**.....................................................कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ................................मा प्रकाशित गरिएको सूचना अनुसार ............ .........................................कार्यक्रममा सहभागी हुने योग्यता पुगेकाले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरूको अधीनमा रहि कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका कागजातहरू यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेको छु/छौ ।

<u>संलग्न कागजातहरूः</u>

१. प्रस्तावकको सक्कल निवेदन
२. समुह/सहकारी/निजी फर्म/कम्पनीहरूको नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहीतको प्रस्ताव
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ दर्षको करार गरिएको सम्झौता प्रमाणपत्र
११. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत २ वर्ष भित्र अनुदान रकम नपाएको स्वघोषणा गर्नुपर्ने

निवेदक

दस्तखत.......................................

नाम.............................................

ठेगाना..........................................

सम्पर्क नं.........................................

संस्थाको छाप......................................

गंगा बहादुर तामाङ
अध्यक्ष

# अनुसूची-३

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः जिल्लाः गा.पा.

वडा नः फर्म/समुह/सहकारीको नामः

मोबाइल नः

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

६. तालिम सम्बन्धी विवरणः

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.स. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु. | निजी लगानी रु. | अन्य निकायबाट हुने अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरूः

उपलब्ध जग्गाको क्षेत्रफल.................................

कार्यक्रमको स्पष्टता.........................................

अपेक्षित वार्षिक प्रतिफल..................................

कार्य योजना पेश गर्नेः

फर्म/कृषकको नामः

ठेगानाः जिल्लाः गा.पा. वडा नं .

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नामः

दस्तखतः

पदः

मितिः

## अनुसूची-४

### प्रस्ताव मूल्याङ्कनका आधारहरू

१. जिल्लाः
२. आवेदकको संस्थाको नामः
३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः
४. प्रस्तावित कार्यक्रमको नामः
५. मूल्याङ्कनका आधारहरूः

| क्र.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१.** | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | विजुली सुविधा भएको | २ | | |
| १.३ | सिँचाइ सुविधा भएको | २ | | |
| **१.४** | **जग्गाको स्वामित्व** | ४ | | |
| १.४.१ | निजी फर्म/संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| **२** | **व्यवसाय सम्बन्धी अनुभव** | ५ | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| **३.** | **प्राविधिक दक्षता/ सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र)** | ५ | | |
| ३.१ | 3 दिन अवधि सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखि ७ दिन अवधिसम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १५ दिन अवधिसम्मको तालिम | ४ | | |
| ३.४ | १५ देखि माथि अवधिसम्मको तालिम | ५ | | |
| **४.** | **वित्तिय क्षमता** | १० | | |
| ४.१ | कुल लगानीको ७०% भन्दा माथि लगानीको प्रतिवद्धता पत्र ( बैंकको स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतिको प्रतिबद्धता पत्र) | १० | | |
| ४.२ | कुल लगानीको ५५-७०% सम्म लगानीको प्रतिवद्धता पत्र ( बैंकको स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतिको प्रतिबद्धता पत्र) | ८ | | |
| ४.३ | कुल लगानीको ५५% भन्दा कम लगानीको प्रतिवद्धता पत्र ( बैंकको स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतिको प्रतिबद्धता पत्र) | ६ | | |
| **५.** | **रोजगारी सिर्जना** | ५ | | |
| ५.१ | कम्तिमा ३ जनासम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| **६.** | **वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित)** | ५ | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय/सामाजिक प्रभाव आङ्कलन गरिएको | ५ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरू गरिएको | ३ | | |
| **७.** | **उत्पादित वस्तुको बजार योजना** | १५ | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारिकरण सुनिश्चितता | १५ | | |
| ७.२ | समुह/ सहकारी/ संस्थागत तरिकाले उत्पादित वस्तुको बजारिकरण | १२ | | |
| ७.३ | बजारिकरण योजना स्पष्ट भएको | १० | | |
| **८.** | **व्यवसायिक कार्ययोजनाको स्पष्टता (कार्ययोजना जलवायु अनुकुलन लगानी प्रतिफल र दिगोपना)** | ३० | | |

| | | | | |
|---|---|---|---|---|
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| **९.** | **खेतबारीको व्यवस्थापन** | ५ | | |
| ९.१ | राम्रो | ५ | | |
| ९.२ | ठिकै | ३ | | |
| **१०.** | **शैक्षिक योग्यता** | ३ | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथि | ३ | | |
| **११.** | **वैदेशिक रोजगारीको अनुभव कम्तिमा १ वर्ष** | २ | | |
| | जम्मा | १०० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरूः

क.

ख.

७. स्थलगत अनुगमनमा टोलीको रायः

| क्र.स. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहीत हुन्छ | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |
| ११. | | | | | | | |
| १२. | | | | | | | |
| १३. | | | | | | | |
| १४. | | | | | | | |

## अनुसूची-५

### सम्झौता-पत्र

आर्थिक वर्ष ........./........मा सञ्चालन हुने ........................ कार्यक्रमको लागि कृषि विकास शाखा बलेफी ( यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/ समुह/ समिति/ सहकारी ............................................(यस पछि दोस्रो पक्ष भनिने) बिच तपसिलका सर्तनामाको अधीनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरूः-

१. प्रथम पक्षले लागत साझेदारीमा .................... कार्यक्रमको लागि कुल लागत रु ..................मध्ये अनुदान बापत रु................... दोस्रो पक्षलाई ...................... (अक्षरेपी ....................................) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी .................... जिल्ला, बलेफी गा.पा.को वडा नं ........... मा .......... साल........ महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन र इस्टमेट अनुसारको सम्पूर्ण कार्यक्रमहरू उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इस्टिमेट, अन्तिम बिल र कार्यसम्पन्न लगायतका सबै प्राविधिक कार्यहरू तथा निर्माण खरिद ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहीत भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात् स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यक्रमको अनुगमन/ निरीक्षण गरि सम्झौता मुताविक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देखिने गरि अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ बोर्ड सबैले देख्ने गरि राख्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरू तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्ष हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा ( कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धि एवं कारोबार सम्बन्धी विवरण प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्न परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्धिपक्षीय सम्झौता मुताबिकको काम नभइ रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकार बाँकी सरह असुल उपरको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, इस्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरू खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराइ सम्पूर्ण कार्यहरू उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१३. प्रथम पक्ष र दोस्रो पक्ष बिच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरू रहनेछन् ।

क. प्रथम पक्षले व्यहोर्ने लागत रु:.............................................

ख. दोस्रो पक्षले व्यहोर्ने लागत रु.............................................

ग. अन्य श्रोतबाट प्राप्त लागत रु.............................................

घ. कन्टिन्जेन्सी रकम रु............................ (यो हकमा विशेषज्ञको परामर्श सेवा, मर्मत सम्भार र निर्माणकार्यको सुपरभिजन प्राविधिक सेवा हेरालु कार्यमा खर्च गर्न सकिनेछ।)

ङ. प्रस्तावनाको कुल लागत रु.....................................

१४. दोस्रो पक्षले पेश गरेका बिल,भरपाई,डोरा हाजिरीमा काम गरेका कामदारहरूको दस्तखत,फोटो लगायतका कागजातहरू प्रामाणिक/वास्तविक(Authentic)भएको मानिनेछ। पेश भएका कागजातहरूको सम्बन्धमा प्रश्न उठेमा त्यसको यथार्थता/वास्तविकता पुष्टि/प्रमाणित गर्ने सम्पूर्ण भार/दायित्व दोस्रो पक्षको हुनेछ।

१५. यसमा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |
| | |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

इति सम्वत् ........................ साल....... महिना.................. गते रोज......................शुभम् ।

( सम्झौतामा आवश्यकता मुताबिकको अन्य सान्दर्भिक बुँदाहरू थप गर्न सकिनेछ । )